ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 03.04.2026

## राज्यपाल ओम प्रकाश माथुर

सिक्किमका  राज्यपाल ओम प्रकाश माथुरले आज खेल गाउँ, रेशीथाङ, Gangtok मा खो–खो फेडेरेसन अफ इन्डियाको तत्वावधानमा आयोजित प्रथम राज्यस्तरीय खो–खो प्रतियोगिता 2026 को औपचारिक शुभारम्भ गर्नुभएको छ।

प्रतियोगितामा सब–जुनियर (ठिटा तथा ठिटी) र ओपन (पुरुष तथा महिला) विधामा खेलहरू सञ्चालन हुनेछन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै राज्यपालले खो–खो भारतको परम्परागत खेल भएको उल्लेख गर्दै यो हाम्रो सांस्कृतिक सम्पदासँग गहिरो रूपमा जोडिएको बताउनुभयो।  राज्यका विभिन्न जिल्लाबाट कुल 24 टोली सहभागी भएकोमा खुशी व्यक्त गर्दै राज्यपालले खेलाडी, आयोजक तथा प्रशिक्षकहरूलाई शुभकामना दिनुभयो। साथै, सिक्किमका प्रतिभाशाली खेलाडीहरूले यस प्रतियोगितामार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सक्ने विश्वास व्यक्त गर्नुभयो।

उक्त प्रतियोगिता 3 देखि 5 अप्रिल 2026 सम्म खेल गाउँ, रेशीथाङ, गान्तोकमा सञ्चालन हुने जनाइएको छ।

## गुड फ्राइडे

सिक्किमसहित देशभर आज गुड फ्राइडे श्रद्धा र भक्तिपूर्वक मनाइएको छ। ईसवी संवत 30 मा प्रभु येशू मसीहलाई क्रुसमा चढाइएको सम्झनामा यो पर्व मनाइन्छ। मानव कल्याणका लागि

उहाँले दिनुभएको महान बलिदानलाई स्मरण गर्दै यस दिनलाई शोक र प्रायश्चितको रूपमा लिइन्छ। यस अवसरमा सिक्किमभरका गिरिजाघरहरूमा विशेष प्रार्थना सभाहरू आयोजना गरिएका छन्। धार्मिक विश्वास अनुसार, क्रुसमा चढाइएको तीन दिनपछि प्रभु येशू पुनर्जीवित हुनुभएको मानिन्छ, जसको स्मरणमा आगामी आइतबार ईस्टर सन्डे मनाइनेछ।

गुड फ्राइडेलाई होली फ्राइडे, ग्रेट फ्राइडे, ब्ल्याक फ्राइडे तथा ईस्टर फ्राइडेका नामले पनि चिनिन्छ। यस अवसरमा मुख्यमन्त्री प्रेम सिंह तामाङले राज्यका सम्पूर्ण जनतामा, विशेषगरी इसाई धर्मावलम्बीहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा मुख्यमन्त्रीले गुड फ्राइडेलाई प्रभु येशू ख्रीष्टको सर्वोच्च बलिदानको प्रतीकका रूपमा उल्लेख गर्दै यसले प्रेम, करुणा र मानव मुक्ति सम्बन्धी सन्देश दिने बताउनुभयो। उहाँले येशू ख्रीष्टको शिक्षाले दया, विनम्रता र क्षमाको मार्गमा अघि बढ्न प्रेरित गर्ने उल्लेख गर्नुभयो।

## चुंगथाङमा जिम्नेजियम हल उद्घाटन

सिक्किमका राज्यपाल Om Prakash Mathur ले आज मंगन जिल्लाको चुंगथाङ ग्राम पञ्चायत इकाइमा नवनिर्मित जिम्नेजियम हलको उद्घाटन गर्नुभएको छ। उक्त ग्राम पञ्चायत इकाइ राज्यपालद्वारा गोद लिइएको क्षेत्र हो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै राज्यपालले सबैको सहकार्यमा यस क्षेत्रलाई अझ विकसित गाउँका रूपमा स्थापना गर्ने लक्ष्य रहेको बताउनुभयो। उहाँले यो जिम्नेजियम हल स्थानीय बासिन्दाहरूको शारीरिक तथा मानसिक विकासका लागि नयाँ ऊर्जा केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो। उल्लेखनीय छ 2023 को बाढीबाट प्रभावित क्षेत्रको समग्र विकास सुनिश्चित गर्न राज्यपालले चुंगथाङ ग्राम पञ्चायत इकाइलाई विशेष रूपमा गोद लिनुभएको हो।

## आवासीय तालिम

GT तथा PGT शिक्षकहरूका लागि चारदिने आवासीय तालिम कार्यक्रमको उद्घाटन 2 अप्रिल 2026 मा Tribal Research Institute and Training Centre Assamlinzey मा सम्पन्न

भएको छ। उक्त कार्यक्रम समाज कल्याण विभाग र शिक्षा विभागको सहकार्यमा आयोजना गरिएको हो। कार्यक्रममा मानेबुङ–देन्ताम क्षेत्रका विधायक sudesh subba को उपस्थिति रहेको थियो। यस तालिमको उद्देश्य शिक्षकहरूको अध्यापन क्षमता अभिवृद्धि गर्नुका साथै उनीहरूलाई सांस्कृतिक संरक्षणका संरक्षक र स्थानीय भाषाको प्रवर्द्धकका रूपमा सशक्त बनाउनु रहेको छ। चारदिने यो तालिम कार्यक्रमले क्षमता अभिवृद्धि, ज्ञान आदान–प्रदान तथा राज्यमा सांस्कृतिक र भाषिक संरक्षणका प्रयासहरूलाई थप सुदृढ बनाउन महत्वपूर्ण मञ्च प्रदान गर्ने अपेक्षा गरिएको छ।

## SICA

Sikkim Cricket Association (सिका) ले NECDC UNDER-23 महिला अन्तरराज्यीय क्रिकेट प्रतियोगिता 2026 आयोजना गर्ने भएको छ। उक्त प्रतियोगिता 6 अप्रिल 2026 देखि Sikkim Cricket Ground, रम्फुमा सुरु हुनेछ। प्रतियोगिता North East Cricket Development Council को तत्वावधानमा सञ्चालन हुनेछ, जसमा अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड र सिक्किम गरी छ सदस्य राज्यहरूको सहभागिता रहनेछ।

**आकाशवाणी गान्तोकबाट सुन्नुहुनुहुँदै थियो पुरा भयो**